# रूपा गाउँपालिका

## कास्की जिल्ला, गण्डकी प्रदेश, नेपाल

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः१० मितिः २०७७/०६/११

### भाग — २

## रुपा गाउँपालिकाको व्यवसाय फर्म दर्ता, नविकरण तथा नियमन गर्ने बनेको कार्यविधि, २०७७

प्रस्तावनाः

रुपा गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका तथा संचालन गर्न चाहने व्यपार तथा व्यवसायको दर्ता गर्न, नविकरण गर्न, अभिलेखन गर्न, व्यवसाय मैत्री वातावरण तयार गर्न तथा विभिन्न व्यवसायिक गतिविधिलाई कानूनी दायरामा ल्याई मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रर्वद्धन मार्फत उपभोक्ताको हक संरक्षण गर्न आवश्यक भएकोले,
रूपा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ दफा ४ ले दिएको अधिकार प्रयोग गरी रूपा गाउँ कार्यपालिकाले मिति २०७७ असोज ७ को निर्णयअनुसार देहायका नियमहरु वनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः १ यस कार्यविधिको नाम रुपा गाउँपालिकाको व्यवसाय फर्म दर्ता, नविकरण तथा नियमन गर्न बनेको कार्यविधि, २०७७ रहेको छ ।

२. यस कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि रुपा गाउँपालिकाभित्र लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(च) “कार्यविधि” भन्नाले रुपा गाउँपालिकाको व्यवसाय फर्म दर्ता, नविकरण तथा नियमन गर्न बनेको कार्यविधि, २०७७ सम्झनुपर्नेछ ।

(क) “कार्यालय” भन्नाले रुपा गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(ग) “वडा कार्यालय” भन्नाले यस रुपा गाउँपालिका अन्तर्गतका ७ वटै वडा कार्यालयहरु सम्झनुपर्नेछ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले यस रुपा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्नेछ ।

(ङ) “व्यवसायी” भन्नाले यस रुपा गाउँपालिका भित्र व्यवसाय वा फर्म संचालन गरेका सम्बन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनुपर्नेछ ।

(ख) “शाखा” भन्नाले यस रुपा गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनुपर्नेछ ।

३. क्षेत्रः यस रुपा गाउँपालिका भित्र संचालनमा आएका तपसिल व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

(क) दैनिक उपभोग्य सामाग्रिहरु खाद्यन्न, थोक तथा खुद्रा पसल

(ख) होटल व्यवसाय

(ग) पशुपालन फर्म

(घ) नर्सरी

(ङ) लघु उद्योग तथा कल कारखाना

(च) कृषि फर्म

(छ) औषधि पसल

(ज) मौरी फर्म ।

## परिच्छेद—२

## व्यवसाय दर्ता सम्बन्धी व्यवस्था

५. व्यवसाय दर्ता प्रकृयाः

(१) व्यवसाय दर्ता गर्नुपर्नेः प्रत्येक व्यवसायीले गाउँ कार्यपालिकाको कार्यालयमा आ आफ्नो व्यवसाय अनिवार्य रुपामा दर्ता गर्नुपर्नेछ ।

(२) सूचना प्रकाशन गरिनेः व्यवसाय दर्ताको लागि सूचना स्थानीय संचार माध्यमबाट प्रकाशन गरिनेछ ।

(३) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्नेः हाल सञ्चालनमा रहेका तर दर्ता नभएका सम्पूर्ण व्यवसायीले २०७७ पौष मसान्त सम्ममा अनिवार्य रुपामा व्यवसाय दर्ता गरिसक्नुपर्नेछ । साथै नयाँ व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसाय सञ्चालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नु पर्नेछ ।

६. दर्ताका लागि आवश्यक कागजातहरुः १. व्यवसाय दर्ताका लागि व्यवसायिले देहायका कागजातहरु सहित अनुसूची ३ बमोजिमको ढाँचामा गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(२) हालसालै खिचेको २ प्रति फोटो ।

(३) वडा कार्यालयको सिफारिस पत्र ।

(४) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि ।

(५) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा ।

(६) पछिल्लो आ.व.को तिरो तिरेको रसिद ।

(७) कृषिजन्य उद्यम, पशुपालन, मदिरा तथा होटल व्यवसाय संचालनको हकमा संधियारको मञ्जुरीनामा ।

स्पष्टिकरणः व्यवसाय संचालन गर्न इच्छुक व्यक्तिको नाममा जग्गाधनी प्रमाण पुर्जा नभएको तर नीज जग्गाधनीको एकाघर परिवारको सदस्य रहेको अवस्थामा समेत जग्गाधनीले स्वःइच्छाले त्यस जग्गमा फर्म संचालन गर्न दिएको मन्जुरीनामा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

७. प्रमाणपत्र इजाजत पत्र तथा पान नं सम्बन्धी व्यवस्थाः (१) माथि ६.१ मा उल्लेखित कागजातहरु सहित रीतपूर्वक निवेदन प्राप्त भई सके पश्चात् तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची १ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र इजाजत पत्र दिनेछ ।

(२) गाउँपालिकामा दर्ता भएका प्रत्येक व्यवसायिक फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट PAN पान नं लिनसक्नेछ ।

८. व्यवसाय नवीकरण सम्बन्धी व्यवस्थाः प्रत्येक व्यवसायीले आर्थिक वर्षको श्रावण मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँ कार्यपालिकाबाट नविकरण

गरिसक्नु पर्नेछ । नविकरण गर्न आउँदा सम्बन्धित वडाको सिफारिस सहित आन्तरिक राजश्व कार्यालयबाट प्राप्त हुने कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत बुझाउनु पर्नेछ ।

९. व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्थाः

(१) व्यवसाय दर्ता नविकरण सम्बन्धी शुल्क दस्तुर गाउँपालिकाको सालबसाली आर्थिक ऐनमा निर्धारण गरे बमोजिम हुनेछ । पहिलो पटकका लागी गाउँसभाले नतोकेसम्मको लागी गाउँ कार्यपालिकाको निर्णयअनुसार हुनेछ ।

१०. व्यवसाय दर्ता मापदण्डः

१. कृषि फर्मका लागि खेतीः न्यूनतम २ रोपनीमा ।

२. पशुपालन फर्मको लागि

पशु संख्या (माउ भैंसी) न्यूनतम ३ वटा ।
पशु संख्या (माउ गाई) न्यूनतम ३ वटा ।
पशु संख्या (माउ बाख्रा) न्यूनतम १५ वटा ।
पशु संख्या (वंगुर सुंगुर) न्यूनतम ५ वटा ।

३. पंन्छीपालन फर्मको लागि

पंन्छी संख्या (ब्रोइलर) न्यूनतम ३०० वटा ।

पंन्छी संख्या (लोकल, गिरिराज, हाँस, आदि) न्यूनतम ५० वटा ।

४. एकिकृत कृषि तथा पशुपालन फर्मका लागि दुवै मापदण्ड पालन गर्नुपर्नेछ ।

५. जुन कुनै व्यवसाय फर्म संचालन गर्दा पर्यावरण तथा वातावरणलाई प्रतिकुल

असर पार्नु हुँदैन ।

६. औषधी पसल तथा एग्रो भेट संचालनको लागि सो विषयमा न्यूनतम ज्ञान, सीप

तथा तालिम प्राप्त भएको हुनुपर्ने ।

## परिच्छेद—३
## अनुगमन तथा कारवाही

१०. मूल्य सूची सम्बन्धी व्यवस्थाः सम्पूर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रष्ट संग देख्ने गरी मूल्य सूची राख्नुपर्नेछ ।

११. बजार अनुगमन सम्बन्धी व्यवस्थाः यस गाउँपालिका भित्र सञ्चालन भएका व्यापार व्यवसायलाई स्वस्थ, व्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ ।

१२. दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धी व्यवस्थाः

१. व्यवसायिक फर्म खारेज गरी पाउँ भनी सम्बन्धित व्यवसायीले निवेदन दिएमा उक्त व्यवसायिक फर्म खारेज हुनेछ । साथै कार्यविधि विपरितको देहायका कार्य गरेमा समेत व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गरिनेछ ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रिहरु बेचविखन गरेमा

(ग) कालो बजारी गरेमा

(घ) गुणस्तरहीन सामाग्रिहरु बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा

(छ) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा ।

(ज) दफा ६ विपरित कुनै कुरा ढाँट छल गरी व्यवसायिक फर्म दर्ता गरेको पाइएमा ।

## परिच्छेद—४
## विविध

१३. व्यापारिक फर्मको नामसारी, स्थानान्तरण तथा नाम परिवर्तन सम्बन्धी व्यवस्थाः (१) गाउँपालिकाले दर्ता भएका व्यपारिक फर्महरुको नामसारी, स्थानान्तरण, नाम परिवर्तन तथा फर्मको प्रकति हेरि फर्महरु मर्ज समेत गर्न सक्नेछ ।

२. व्यपारिक फर्महरुको नामसारी, स्थानान्तरण, नाम परिवर्तन तथा मर्ज गर्नु परेमा फर्मधनी स्वयम् उपस्थित भई तपसीलका कागजातहरु संलग्न गरी निवेदन दिनु पर्नेछ ।

क. फर्मको सक्कल प्रमाण पत्र ।
ख. नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
ग. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।
ग. अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा ।
घ. वडा कार्यालयको सिफारिस ।
ङ. वहालमा भए बहाल सम्झौता पत्रको प्रतिलिपि ।

च. स्थानान्तरण गर्नु परेमा, कहाँ स्थानान्तरण गर्ने हो, सो जग्गाका चारिकिल्ला प्रमाणित गरी सधियारको मन्जुरीनामा ।

छ. दुई वा दुई भन्दा बढी फर्म मर्ज गरी एउटै कायम गर्नु परेमा फर्मको सक्कल प्रमाण पत्रका साथमा वडा कार्यालयको सिफारिस पत्र ।

ज. सम्बन्धित विषयगत शाखाको सिफारिस पत्र ।

१४. बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्थाः (१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछन् ।

१५. विशेष व्यवस्थाः

१. माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानून नबनुन्जेल सम्म वा गाउँपालिकाले बनाएको अर्को ऐन, कानूनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछन् ।

२. यस कार्यविधि लागू हुन पहिले दर्ता भएका व्यवसायिक फर्म यसै कार्यविधि अनुसार भए गरिएको मानिनेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत